नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव श्रोत विकास केन्द्र**

# शिक्षा विकास तथा समन्वय इकाइ

## कास्की, पोखरा

२०७५

प.सः ०८२/८३
चलानी नः ९२५

मितिः २०८३/०१/२१
ने.सं ११४६ बछलागा, तृतीया

विषयः का.स.मु फाराम भर्ने सम्वन्धमा।

श्री जिल्लास्थित सम्पूर्ण सामुदायिक विद्यालयका स्थायी शिक्षकहरू
कास्की।

प्रस्तुत विषयमा शिक्षक सेवा आयोग नियमावली (संशोधन सहित), २०५७ को नियम ३२ मा शिक्षकहरूले सोही नियमावलीको अनुसूची १ अनुसारको ढाँचामा कार्यसम्पादन मूल्याङ्कन फाराम शैक्षिक सत्र सुरू भएको मितिले तीस दिन भित्र भरी सम्वन्धित विद्यालयमा दर्ता गरी प्रधानाध्यापकलाई बुझाउनु पर्ने प्रावधान रहेको छ। यस वर्षको का.स.मु फाराम भर्ने सन्दर्भमा तपसिल बमोजिम गर्नुहुन अनुरोध छ।

तपसिलः

१. नेपाल सरकारको निर्णय अनुसार यस वर्षको शैक्षिक सत्र २०८३ वैशाख १५ गतेबाट प्रारम्भ हुने गरी निर्णय गरेकोले का.स.मु फाराममा शै.स २०८२ को मुल्यांकन अवधि २०८२ वैशाख १ गते देखि २०८३ वैशाख १४ गते लेख्ने।

२. का.स.मु दर्ता गर्ने मिति २०८३ वैशाख १५ देखि २०८३ जेठ १३ गते भित्र विद्यालयमा दर्ता गर्ने।

३. शिक्षकले विद्यालयमा कार्यसम्पादन मूल्याङ्कन फाराम पेस गरेको निस्सा अनिवार्य रूपमा लिने र विद्यालयले पनि शिक्षकले फाराम बुझाएको मिति र दर्ता नम्वर सहितको निस्सा अनिवार्य रूपमा सम्वन्धित शिक्षकलाई उपलब्ध गराउने।

४. प्राथमिक तहका शिक्षकहरूका लागि निलो रङ, निम्न माध्यमिक तहका लागि हरियो रङ र माध्यमिक तहका लागि पहेलो रङको का.स.मु फाराम मात्र प्रयोग गर्ने। का.स.मु फारामको लागि सम्वन्धित स्थानीय तहको शिक्षा महाशाखा/ शाखामा सम्पर्क गर्ने।

५. शिक्षकको कार्यसम्पादन मूल्याङ्कन सहजीकरण पुस्तिका २०८२ www.tsc.gov.np बाट डाउनलोड गरी राम्रोसँग अध्ययन गरी का.स.मू फाराम भर्नुहुन।

लोकनाथ आचार्य
इकाइ प्रमुख (उपसचिव)